# श्री आचार्य बन्धु समाज - नेपालको

## विधान

## (२०६८)

### *प्रथम शंशोधन २०७५ मंसिर.....गते*

**प्रस्तावनाः**

कौडिण्य गोत्री आचार्यहरुको समग्र विकाश र उत्थानको निम्ति एउटा साझा थलोको आवश्यकतालाई मनन गर्दै, एउटै सगोत्री भित्र रहेका बन्धुहरु बिच भातृत्व, मेल मिलाप र आपसी सहयोग अभिबृद्धि गर्दै समाजमा प्रजातान्त्रिक प्रक्रियाबाट सुशासन कायम गर्न सघाउ पुऱ्याउने प्रतिवद्धताका साथ गैर नाफामुखी, जनहीतकारी गैर राजनीतिक एउटा विशुद्ध सामाजिक संस्था दर्ता गर्न आवश्यक भएकोले विधान बमोजिम कार्य गर्ने गरी संस्था दर्ता ऐन, २०३४ बमोजिम **"आचार्य बन्धु समाज-नेपाल"** सामाजिक संस्था स्थापना गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भीक

### ०१. संस्थाको नामः

संस्थाको नाम **"आचार्य बन्धु समाज-नेपाल"** रहनेछ । अंग्रेजीमा Acharya Bandhu Samaj – Nepal रहनेछ । छोटकरीमा नेपालीमा एविएस, नेपाल र अंग्रेजीमा ABS, Nepal भनिनेछ ।

### (क) संस्थाको कार्यालय रहने ठेगानाः

संस्थाको केन्द्रिय कार्यालय काठमाण्डौ जिल्लामा र प्रदेश, स्थानीय/जिल्ला वा सम्पर्क कार्यालय तत् तत् क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम आधिकार प्राप्त निकायको स्वीकृती लिई दर्ता गरि शाखा वा सम्पर्क कार्यालयहरु बिस्तार गर्न सकिने छ। सो व्यवस्थाले कुनै एकाईमा सुचिकरण गर्ने ब्यवस्था भएमा सो समेतलाई जनाउनेछ ।

### (ख) संस्थाको कार्यक्षेत्रः

यस आचार्य बन्धु समाज नेपाल संस्थाको कार्यक्षेत्र काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिकामा हुनेछ । संस्थाले प्रदेश तथा स्थानीय तहको स्वस्कृत लिई नेपाल भरका हरेक प्रदेश र स्थानीय तहमा कार्यक्षेत्र विस्तार गर्नसक्ने छ । संस्थालाई अन्य यस्तै प्रकृतिका र उद्देश्य

भएका संस्थाहरुको छाता संगठनको रुपमा समेत विकाश गरिने छ। नेपाल बाहिर समेत कानून बमोजिमको आवश्यक प्रक्रिया पु-याई संस्था  बिस्तार गर्न सकिने छ।

**(ग) प्रारम्भः**

यो बिधान जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा कानून वमोजिम दर्ता भएको मिति देखि लागु हुनेछ।

## (घ) संस्थाको अस्तित्वः

यो संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, संगठित, गैरनाफामुलक गैरराजनीतिक तथा गैरसरकारी सामाजीक संस्था हुनेछ। संस्थाले आफ्ना उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गर्ने छैन।

## ०२ परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

**(क)** **"संस्था"** भन्नाले आचार्य बन्धु समाज - नेपाल लाई सम्झनु पर्दछ।

**(ख)** **"विधान"** भन्नाले संस्थाको विधान भन्ने सम्झनु पर्दछ।

**(ग)** **"सदस्य"** भन्नाले यस विधानको भाग ३, धारा ६ बमोजिमका सम्पुर्ण सदस्यलाई सम्झनु पर्दछ।

**(घ)** **"विनियम"** भन्नाले विधानको उद्देश्य हाँसिल गर्नको लागि विधान बमोजिम कार्यसमितिद्वारा बनाई लागु गरिएको विनियम भन्ने सम्झनु पर्दछ।

**(ङ)** **"स्थानीय अधिकारी"** भन्नाले प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका वा नगरपालिकामा तोकिएको संस्था दर्ता अधिकारी निजहरुले तोकेको अधिकारी समेतललाई सम्झनु पर्दछ।

**(च)** **"सभा"** भन्नाले यस विधान बमोजिम बसेको साधारणसभा र बिशेष साधारणसभा समेतलाई जनाउदछ।

**(६)** **"समिति"** भन्नाले यस विधानको धारा १३ बमोजिम गठित कार्य समितिलाई जनाउदछ।

**(ज)** **"स्थानीय तह"** भन्नाले गाउँपालिका, महानगर, उपमहानगर, नगरपालिका र जिल्ला समन्वय समितिलाई  जनाउँदछ। सो शब्दहरुले नेपालको संविधान २०७२ बमोजिम गठन हुन सक्ने बिशेष संरचना समेतलाई जनाउने छ।

**(झ)** **"तोकिएको वा तोकिएको बमोजिम"** भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम, बिनियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ।

## ०३. संस्थाको छाप र चिन्हः

संस्थाको आफ्नो छुट्टै एउटा छाप हुनेछ । उक्त छापको ढाँचा अनुसुचि १ मा तोकिए वमोजिम हुनेछ ।

# परिच्छेद - २

# उद्देश्य

## ०४. संस्थाको उद्देश्यः

यस संस्थाको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) कौडिण्य गोत्री आचार्य बन्धुहरुको उत्पति, ईतिहाँस, महत्वपुर्ण योगदानहरुको बारेमा अध्ययन अनुसन्धान गरी वर्तमान तथा भावी पीडिहरुलाई पुर्खाको गौरवपुर्ण ईतिहाँसबाट प्रेरणा र उत्साह प्राप्त गर्न सहयोग पुऱ्याउने ।

(ख) देशभित्र र बाहिर रहे बसेका बन्धुहरुवीच एउटा सञ्जाल बिस्तार गरी आपसी भाईचारा र सुमधुर सम्बन्ध कायम गर्दै सहयोग र सुचनाको आदान प्रदान गर्ने ।

(ग) अध्ययन अनुसन्धानबाट प्राप्त सुचना, तथ्याङ्क तथा अन्य विवरणहरु संप्रेषण गर्ने ।

(घ) आचार्य बन्धु समाजका ज्येष्ठ नागरिकहरुको सम्मान तथा समाजका बिशिष्ठ योगदान पुऱ्याउने आचार्य कुलका व्यक्तित्वहरुको सम्मानका लागि आवश्यकता अनुसारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) सामाजिक तथा आर्थिक रुपले कमजोर बर्गका बन्धुहरुका साथै जेहेन्दार बिद्यार्थीहरुलाई आवश्यक प्रोत्साहन र सहयोग पुऱ्याउन प्रयत्नशिल रहने ।

(च) यो संस्था मुनाफारहीत र जनहीतकारी सामाजिक संस्था हुनेछ ।

## ०५. संस्थाको उद्देश्य पुरागर्न गरिने कार्यहरुः

(क) बंश, बंशावली, भाषा, संस्कृति आदी बिषयमा अध्ययन, अनुसन्धान गर्ने ।

(ख) सोको लागी बिभिन्न क्षेत्रमा छात्रबृति उपलव्ध गराउने,

(ग) बन्धुहरुको उन्नती र प्रगतीको लागी एकापसमा सहयोग आदान प्रदान गर्ने,

(घ) बिभिन्न सामाजिक बिषयमा छलफल, गोष्ठि तथा अर्न्तक्रिया गर्ने गराउने,

(ङ) भाषा, संस्कृति तथा अन्य यस्तै बिषयमा बिभिन्न निकायहरुसंग हातेमालो गर्दै प्रर्वद्धनको लागी आवश्यक कार्यहरु गर्ने

(च) महिला, बाल बालिका, ज्येष्ठ नागरिक, बृद्ध बृद्धाहरु वा अशक्तहरुको संरक्षण र सम्बर्द्धनको लागी बिशेष कार्यक्रमहरु सञ्चालन गर्ने वा यस्तै प्रकृतिका अन्य कार्यहरु आफै वा अन्य निकायहरुसंग मिलेर गर्ने ।

(छ) सस्थालाई आवश्यक पर्ने भवन निमार्ण गर्ने, भाडामा वा लिजमा लिन सक्नेछ । कम्प्युटर, टेलिफोन, टाइपराईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ज) संस्थालाई आवश्यक कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा, शर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद -३

## सदस्यता

### ०६. सदस्यताको वर्गीकरण:

संस्थाको सदस्यताको प्रकार देहाय बमोजिम हुनेछ:

(क) साधारण सदस्य,

(ख) संस्थापक सदस्य,

(ग) आजीवन सदस्य,

(घ) बिशिष्ठ सदस्य,

(ङ) संरक्षक सदस्य,

(च) मानार्थ सदस्य

(नोट: संरक्षक सदस्यता बमोजिमका व्यक्तिहरु मध्ये एक वा धैरै संरक्षकहरु रहन सक्नेछन् । संरक्षको लागि धारा १० बमोजिम शुल्क बुझाउनु पर्नेछ । समितिले आवश्यकता अनुसार प्रक्रिया पुऱ्याई सदस्यहरु मध्येबाट सल्लाहकारहरुको समेत चयन गर्न सक्नेछ ।

०७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:

देहायका व्यक्तिहरु संस्थाको सदस्य हुन योग्य मानिने छन:

(क) १६ बर्ष उमेर पुरा भएको,

(ख) कौडिण्य गोत्री आचार्य भएको,

(ग) मानसिक सन्तुलन नगुमाएको,

(घ) सामाजिक संघ संस्थाको सम्पत्ति हिनामिना गरे बापत दण्ड सजाय नपाएको ।

## ०८. संस्थाको सदस्यता प्राप्त गर्न वा रहन नसक्ने अवस्थाः

देहायका व्यक्तिहरु संस्थाको सदस्य हुन अयोग्य मानिनेछनः

(क) १६ बषृ उमेर पुरा नभएको,

(ख) कौडिण्य गोत्री आचार्य नभएको,

(ग) मगज बिग्रिएको वा बहुलाएको,

(घ) सामाजिक संघ संस्थाको सम्पत्ति हिनामिना गरे बापत दण्ड सजाय पाएको,

(ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएको वा सजाय भुक्तान भएको ६ बर्ष पुरा नभएको,

(च) संस्थाको सम्पत्ति हिनामिना गरेको प्रमाणित भएको वा संस्थालाई आवश्यक परेको बखत कार्य गर्न नसक्ने वा संस्थालाई अहित गर्ने व्यक्ति,

(छ) साहुको दामासाहीमा परेको व्यक्ति ।

## ०९. सदस्यताको समाप्तिः

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैनः

(क) यस बिधानको धारा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाको ७५% सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले कार्य समिति समक्ष दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) मनासिव कारण बिना सदस्यता नवीकरण गर्ने म्याद नाघेको ३ महिना सम्म नवीकरण नगराएमा ।

(च) निजको सदस्यता कायम नरहने कुराको निर्णय कार्य समितिले गरेमा ।

(छ) अन्य गोत्रसंग बिवाह गरी उक्त गोत्रमा रहने कुराको जानकारी गराएमा ।

(ज) यस बिधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

(झ)	सदस्यता शुल्क बुझाउन बाँकि रहेमा ।

(ञ)	संस्था बिघठन भई खारेज भएमा ।

२.	कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहऱ्याउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सुचना दिई सफाईको सबुद पेश गर्ने मौका दिईनेछ ।

## १०. सदस्यता शुल्क र प्रदान गर्ने विधिः

यस विधानको धारा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिम उपदफामा तोकिएको शुल्क तिरि सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### (१) साधारण सदस्यः

साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले देहाय बमोजिमको शुल्क बुझाई आवेदन पेश गरेमा कार्य समितिले सदस्यता प्रदान गर्न सक्नेछः

(क)	प्रवेश शुल्क रु. २०० (दुईसय रुपैयाँ)

(ख)	वार्षिक सदस्यता/नविकरण शुल्क रु. १०० (एकसय रुपैया मात्र)

### (२) संस्थापक सदस्यः

(क)	संस्था दर्ता गर्दाका सबै समितिका सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

(ख)	संस्थापक सदस्यहरुले बिधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई अन्य किसिमको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### (३) आजीवन सदस्यः

संस्थाको आजीवन सदस्य बन्न चाहने व्यक्तिले देहाय बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछः

(क)	प्रवेश शुल्क रु. २००/- (दुईसय रुपैया)

(ख)	आजिवन सदस्यता शुल्क कम्तिमा रु. १०,०००/- (दशहजार रुपैयाँ)

### (४) बिशिष्ठ सदस्यः

संस्थाको बिशिष्ठ सदस्य बन्न चाहने व्यक्तिले देहाय बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछः

(क) प्रवेश शुल्क रु. २०० (दुईसय रुपैयाँ),

(ख) बिशिष्ठ सदस्य शुल्क कम्तिमा/न्युनतम् रु.२५,०००/- (पच्चीस हजार रुपैयाँ वा सो भन्दा बढि)

## (५) संरक्षक सदस्यः

संस्थाको संरक्षक सदस्य बन्न चाहने व्यक्तिले देहाय बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछः

(क) प्रवेश शुल्क रु. २०० (दुईसय रुपैयाँ),

(ख) संरक्षक सदस्य शुल्क कम्तिमा/न्युनतम् रु.१००,०००/- (एकलाख रुपैयाँ वा सो भन्दा बढि)

## (६) मानार्थ सदस्यः

(१) यस संस्थाको उन्नतीको लागि विशिष्ठ सेवा वा योगदान गर्ने कुनैपनि व्यक्तिलाई संस्थाले सम्मान स्वरुप संस्थाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) साधारण सदस्य बाहेकका अन्य किसिमका सदस्यहरुका लागि नवीकरण शुल्क लाग्ने छैन ।

(७) बर्षको जुनसुकै महिना वा दिनमा सदस्यता प्राप्त गरेको भएपनि त्यसको अवधि त्यसै बर्षको चैत्र मसान्तसम्म मात्र कायम रहनेछ । सदस्यता निरन्तर कायम गर्नको लागि अर्को बर्षको बैशाख मसान्त भित्रमा ता्किएको दस्तुर सहित सदस्यता नवीकरण गरिसक्नु पर्नेछ । तर संस्थापक, आजीवन, बिशिष्ठ, संरक्षक र मानार्थ सदस्यहरुको लागी नविकरण गराउनु पर्ने छैन ।

(८) उपधारा (७) बमोजिम म्याद भित्र सदस्यता नवीकरण नगराएमा श्रावण मसान्तसम्म तोकिएको अतिरिक्त शुल्क सहित नवीकरण गर्नका लागि कार्यसमितिले तोक्न सक्नेछ ।

(९) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरिएमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

(१०) सवै सदस्यहरुले यस बिधान र बिधान अन्तर्गत बनेको नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्ने छ ।

(११) संस्थाले प्रदान गरेको उपधारा १, २, ३, ४, ५ र ६ अनुसार सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

# परिच्छेद - ४

# साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

## ११. साधारण सभाको गठनः

(१) यस संस्थाको बिधान अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु सहितको संस्थाको साधारणसभा गठन हुनेछ । साधारणसभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

(२) साधारण सभामा मानार्थ सदस्यहरु पर्यवेक्षकको रुपमा उपस्थित हुन पाउने छन् ।

(३) यस संस्थाको बार्षिक साधारणसभा देहाय बमोजिम हुनेछः

(क) बार्षिक साधारणसभाः

(ख) बिशेष सधारणसभाः संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई बिशेष साधारणसभा माग गरेमा बिशेष साधारण सभा, कार्य समितिले कम्तिमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा बिशेष साधारण सभा बसेको ६ (छ) महिना भित्र पुनः बिशेष साधारण सभा बस्न सक्ने छैन ।

(४) यस संस्थाकृ प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व.स समाप्त भएको मितिले २ (दुई) महिना भित्रमा गरिनेछ र त्यस पछिका बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले २ (दुइ) महिनाभित्र गरिनेछ ।

(५) उपधारा (४) बमोजिम बोलाईएको साधारण सभा वा बिशेष साधारणसभामा बिधानको धारा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ (सात) दिनको म्याद दिन पुनः साधारण सभा बोलाईनेछ ।

(६) साधारण सभा र बिशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

## १४. साधारण सभाको गणपुरक संख्या र निणंयः

(१) बिधानमा अन्यथा ब्यवस्था भएको अवस्थामा बाहेक साधारण सभामा उपस्थित भई मतदान गर्न पाउने सदस्यहरु मध्ये कम्तिमा ६०% सदस्यहरु उपस्थित भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । दोश्रो पटक बोलाईएको साधारणसभाको गणपुरक संख्या ५१% हुनेछ ।

(२) बिधानमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक सभामा उपस्थित सदस्यहरु मध्ये बहुमतको निर्णय साधारण सभाको निर्णयको रुपमा मान्य हुनेछ ।

## १५. साधारण सभाको काम कर्तव्य र अधिकारः

साधारणसभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्य समितिद्वारा प्रस्तावित कार्यसुचि माथि छलफल गरी स्वीकृतिका सम्बन्धमा निणर्य दिने ।

(ख) कार्य समितिद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन, आगामि बर्षको कार्यक्रम, आय व्यय र लेखा परीक्षणको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(ग) आगामि बर्षको लागि लेखा परिक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको बार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मुल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको बिधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिद्वारा पेश भएका बिधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ तथा अन्य किसिमका आवश्यक सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हीत अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेका आवश्यकता अनुसारका कर्मचारीहरुको दरवन्दि, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

(ञ) संस्थाको बार्षिक बजेट पारित गर्ने ।

(ट) कार्य समितिका कुनै पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएमा त्यस उपर छलफल गरी निर्णय दिने ।

(ठ) बिधान बमोजिम आवश्यक अन्य कार्य गर्ने ।

## १६. कार्य समितिको गठनः

(१) साधारणसभाको सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी एक २१ सदस्यीय कार्य समिति गठन गरिनेछ ।

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : ३ जना (कम्तिमा १ जना महिला अनिवार्य रुपमा निर्वाचित हुने गरी) सम्भव भएसम्म क्षेत्रीय सन्तुलन समेत कायम गरिनेछ ।

(ग) महासचिव : १ जना

(घ) सचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्यहरु : १४ जना (१० जना निर्वाचित र ४ जना कार्य समितिका अध्यक्ष तथा पदाधिकारीहरु बट मनोनित सदस्य हुनेछन् । सदस्यहरुको हकमा प्रत्येक प्रदेशबाट कम्तिमा १, १ जना प्रतिनिधित्व हुने गरी समावेशी शिद्धान्तका आधारमा नियुक्त गर्ने व्यवस्था गरिनेछ ।

(२ं) उपधारा (१ बमोजिमको कार्यसमिति गठन गर्दा जम्मा सदस्य तथा पदाधिकारीहरु मध्ये कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गरिनेछ । कार्य समितिमा क्षेत्रीय सन्तुलन मिलाई कम्तिमा हरेक प्रदेशका एक एक जना संयोजक समेत तोकिने छ वा प्रदेशको प्रतिनिधित्व हुने गरि सम्बन्धित प्रदेशमा दर्ता भएको आचार्य समाजलाईनै त्यस प्रदेशको संस्थागत संयोजक समेत तोक्न सकिनेछ । - उपधारानै थप गरिएको

(३) उपधारा (१) बमोजिमका सदस्य तथा पदाधिकारीहरु बाहेक पनि अध्यक्ष तथा कार्यसमितिले आचार्य बन्धुका साधारण सदस्य वा शुभचिन्तकहरुलाई आवश्यकता अनुसार बैठकमा बोलाउन सकिनेछ । तर त्यस्तो आमन्त्रित सदस्यको मताधिकार भने हुनेछैन । - उपधारानै थप गरिएको

(४) कार्य समितिको कार्यकाल पदभार ग्रहण गरेको मितिले २ बर्षको हुनेछ ।

(५) बार्षिक साधारणसभा हुनु भन्दा अगावै कार्यसमितिमा रहेका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकि अवधिका लागि कार्यसमितिका सदस्यको मनोनित कार्यसमितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचित भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सोही सदस्यको बाँकि कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागिबिधान बमोजिम बाँकि अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पदपुर्ति गरिनेछ ।

तर ६ महिना वा सो भन्दा कम अवधिको लागी निर्वाचन वा मनोनयन गर्न कर लाग्ने छैन ।

(६) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्यसमितिका पदाधिकारीको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनुपर्ने छ ।

(७) कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र नीजको अनुपस्थितीमा उपाध्यक्षहरुले र नीजहरुको पनि अनुपस्थितीमा बैठकमा उपस्थित भएका सदस्यहरुले छानेको वा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(८) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले मत दिन सक्नेछ ।

(९) कार्यसमितिको बैठकमा छलफल भएका बिषयहरुको छुट्टै निर्णय किताव लेखि राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुले सही गर्नुपर्नेछ

तर निणर्यमा असहमति जनाउनेहरुले कैफियत खोलि सही गर्नुपर्नेछ ।

(१०) संस्थाले गर्ने सम्पुर्ण कार्य, कार्यसमितिको निर्णयबाट हुनेछ ।

(११) सम्पुर्ण पदाधिकारी उपस्थित हुन नसकेको अवस्थामा धारा १६ को उपधारा (१) को खण्ड क, ख, ग, घ र ङ बमोजिमका पदाधिकारीहरु वीचको एउटा कार्य सम्पादन समिति बनाई उक्त कार्य सम्पादन समितिले तत्कालका लागि बैठक बसी निणर्य गर्न सक्नेछ ।

तर पुर्ण बैठक बसेपछि स्थायी समितिले गरेका निर्णयहरु बैठकमा प्रस्तुत गरी पारित गर्नुपर्नेछ ।

(१२) कार्य समितिका पदाधिकारीहरुले विधानको धारा १० (१) मा उल्लेखित शुल्कका अतिरिक्त मासिक रु. १००/- (एकसय रुपैया) सहयोगार्थ संस्थालाई बुझाउनु पर्नेछ ।

(१३) माथि जुनसुकै कुराहरु लेखिएको भएता पनि कार्यसमितिले गर्नुपर्ने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निणर्य सरह मानिनेछ ।

## १७. कार्यसमितिको काम कर्तव्य र अधिकारहरुः

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) संस्थाको उद्देश्य अनुरुपको कार्यक्रम तथा परयोजनाको निर्धारण, तर्जुमा एवम् कार्यान्वयन गर्ने ।

(२) आवश्यकता अनुसार उपसमितिहरुको गठन गरी काम कर्तव्य र अधिकारहरु तोक्ने ।

(३) संस्थाको बिनियम तथा नीतिहरु तर्जुमा गरी अनुमोदनका लागी साधारणसभामा प्रस्तुत गर्ने ।

(४) संस्थाको प्रगाती विवरण, लेखा परिक्षकको प्रतिवेदन सहि तगत बर्षको आय व्यव र आगामि बर्षको अनुमानित बजेट तर्जुमा गरी अनुमोदनका लागि साधारणसभामा प्रस्तुत गर्ने ।

(५) सदस्यता बितरण गर्ने ।

(६) विधान संशोधन गर्नुपर्ने भएमा सोको प्रस्ताव साधारणसभामा पेश गर्ने ।

(७) कुनै प्रकारको चल सम्पत्ति प्राप्त गर्ने वा हक छाड्ने बिषयमा निर्णय गर्ने तथा अचल सम्पत्ति प्राप्त गर्ने वा हक छाडि दिने सम्बन्धमा अनुमोदनका लागि साधारणसभामा पेश गर्ने ।

(८) संरक्षक र सल्लाहकारहरुको मनोनयन गर्ने तथा लेखा परिक्षकको नियुक्ति गरि निजको काम कर्तव्य तथा अधिकार तोक्ने बिषयमा निर्णय गर्ने ।

(९) साधारणसभाद्वारा पारित प्रस्ताव तथा निणर्यहरु कार्यान्वयन गर्ने गराउने ।

(१०) संस्थाको हीतको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

## १८. पद त्याग गर्न सक्नेः

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन ।

## १९. अन्य समितिहरुः

इस बिधानको परिधिभित्र रही संस्थाको कार्य सञ्चालनको लागि कार्यसमितिले आवश्यकता अनुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

तर त्यस्तो निर्णय साधारणसभाको बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

# परिच्छेद - ५

# कार्यसमितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारहरु

## २०. पदाधिकारीहरुको काम कर्तव्य र अधिकारहरुः

कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछनः

**(१) अध्यक्षको काम कार्तव्य र अधिकारहरुः**

(क) साधारणसभा र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने र मत वरावर भएमा निर्णायक मत दिने ।

(ख) समय र अवस्था हेरी बैठक बोलाउन निर्देशन दिने ।

(ग) साधारणसभा र कार्यसमितिद्वारा गरिएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(घ) कार्य समितिको बैठक नबसेको वेला कुनै कार्य गर्न आवश्यक देखिएमा पछि बैठकबाट अनुमोदन गराउने गरि कार्य सम्पन्न गर्ने ।

(ङ) संस्थाको सम्पुर्ण कार्यको रेखदेख गर्दै ठोस नेतृत्व प्रदान गर्ने ।

(च) संस्थाको हीतको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**(२) उपाध्यक्षको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन्ः**

(क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्दै आएको कार्यहरु गर्ने ।

(ख) अध्यक्षले गर्ने कार्यहरुमा सहयोग तथा तोकिएको अन्य कार्यहरु गर्ने ।

**(३) महासचिवको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन्ः**

(क) संस्थाको प्रशासनिक काम दैनिक रुपमा सञ्चालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार कार्यसमितिको बैठक वोलाउने र कार्य समितिको निर्णय अनुसार साधारणसभाको वैठक बोलाउने ।

(ग) कार्यालयको प्रशासनिक रेखदेख र नियन्त्रण गर्ने ।

(घ) कार्य समितिको बैठकको निर्णय बमोजिम प्रस्तावित कार्यसुचि, बार्षिक प्रतिवेदन र आगामि बर्षको कार्यक्रम तयार गरी साधारणसभामा पेश गर्ने व्यवस्था गर्ने ।

(ङ) निणर्य-पुस्तिका लगाएत विधानमा अन्यथा व्यवस्था गरिएदेखि वाहेक संस्थाका सम्पुर्ण काजजातहरु जिम्मा लिने ।

**(४) सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) महासचिवको अनुपस्थितीमा महासचिवले गर्ने कामको सम्पुर्ण जिम्मेवारी वहन गर्ने ।

(ख) आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने र तोकिएको अन्य काम गर्ने ।

**(५) कोषाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) संसथाको आय व्ययको यथार्थ विवरण तथा आगामि बर्षको अनुमानित व्यय बजेट कार्यसमितिको निर्णय बमोजिम तयार गरी लेखा परिक्षकको प्रतिवेदन सहित अनुमोदनका लागि साधारणसभामा पेश गर्ने ।

(ख) संस्थाको हिसाव कितावको लगत दुरुस्त राख्ने ।

(ग) आर्थिक प्रशासन सम्बन्धि सवै बिषयहरुको जिम्मेवारी लिने ।

(घ) संस्थाको कोष बृद्धिका लागि अन्य आवश्यक कार्य गर्ने ।

**(६) सदस्यहरुको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन्ः**

(क) महत्वपुर्ण बिषयहरुको छलफलमा सक्रियतापुर्वक सहभागी हुने ।

(ख) साधारणसभामा भाग लिनुको साथै कार्य समितिले निर्णय गरेका वा तोकिदिएका अन्य कार्यहरु गर्ने ।

## २१. बैठकको गणपुरक संख्या र निर्णयः

(१) कार्य समितिको बैठक कार्यसमितिले तोकेको तालिका बमोजिम तोकिएको मिति र स्थानमा बस्नेछ । आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ ।

तर नियमित बैठकहरु २ बर्षको कार्यकालमा कम्तिमा ६ पटक बस्नुपर्नेछ । त्यस्तो बैठकको वीचको अवधि कम्तिमा २ महिनाको फरकमा हुनुपर्नेछ ।

(२) कार्य समितिको अध्यक्ष वा कम्तिमा १ जना उपाध्याक्ष लगाएत १० जना पदाधिकारीहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) बिधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक बहुमतको निर्णय कार्यसमितिको निर्णयको रुपमा मान्य हुनेछ ।

(४) पुर्व जानकारी बिना लगातार ३ पटक भन्दा बढी बैठकमा अनुपस्थित पदाधिकारी वा सदस्यलाई कार्यसमितिको पदाधिकारी वा सदस्यबाट हटाउने गरी कार्यसमितिले निर्णय गर्न सक्नेछ ।

## २२. उप- समिति सम्बन्धि व्यवस्थाः

(१) संस्थाको उद्देश्य बमोजिम आवश्यक कार्यहरु गर्नको लागि कार्यसमितिले कार्यसमितिका पदाधिकारी सा सदस्यहरु मध्येको संयोजकत्वमा (आवश्यकता अनुसार) बिभिन्न उप-समितिहरु गठन गरी कार्य सुम्पन सक्नेछ ।

तर कुनै खास किसिमका प्राविधिक बिषयहरुको अध्ययन, अनुसन्धान वा कार्य गर्नु परेमा साधाारण सदस्यहरु मध्येका सदस्यहरुको संयोजकत्वमा समेत खास किसिमका उप-समितिहरु गठन गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) विधान र विनियमको अधीनमा रही कार्य समितिले दिएको निर्देशन बमोजिम जिम्मेवारी पुरा गर्नुपर्नेछ ।

(३) जुन कार्य सम्पादन गर्नको लागि उप-समिति गठन गरिएको हो, सो उद्देश्य पुरा भएपछि त्यस्तो उप-समिति स्वतः बिघठन भएको मानिनेछ ।

## परिच्छेद - ६

## आर्थिक व्यवस्था

### २१. संस्थाको कोषः

संस्थाको आफ्नै एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछनः

(१) सदस्यता शुल्क,

(२) नगद वा जिन्सि सहयोग, दान तथा उपहार,

(३) नेपाल सरकारबाट अनुदानको रुपमा प्राप्त हुने रकम,

(४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैर सरकारी निकाय वा संस्था वा व्यक्तिहरुबाट प्राप्त हुने सहयोग तथा अनुदान रकमहरु,

(५) बिशेष कार्यक्रम सञ्चालनका लागि प्राप्त अनुदान वा रकम,

(६) बिशेष कार्यक्रम गरी प्राप्त रकम,

(७) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

(८) संस्थाले बैदेशिक सहयोग लिँदा समाज कल्याण परिषद वा अन्य सरकारी निकायको पुर्व स्वीकृति लिनेछ ।

## २२. कोष तथा दाता सञ्चालनः

(१) धारा २१ मा उल्लेखित श्रोतहरुबाट प्राप्त रकम कार्य समितिले निर्णय गरी तोकेको बैंकमा संस्थाको नाममा कोष खडा गरी जम्मा गरिनेछ ।

(२) उपधारा (१) बमोजिम खडा भएको कोष कार्य समितिको अध्यक्ष वा नीजले तोकेको १ जना पदाधिकारी, महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । उक्त खाता कोषाध्यक्ष र अर्को १ जना (अध्यक्ष वा निजले तोकेको पदाधिकारी तथा माहसचिव मध्ये) को संयुक्त हस्ताक्षरबाट मात्र खाता सञ्चालन गर्न सकिनेछ ।

## २३. आर्थिक विवरणः

(१) लेखा परिक्षण भएको बर्षको वासलात र लेखापीक्षकको प्रतिवेदन कार्यसमितिले साधारणसभामा पेश गर्नेछ ।

(२) बैशाख १ गतेदेखि सोही बर्षको चैत्र मसान्त सम्ममको अवधिलाई संस्थाको आर्थिक बर्ष मानिनेछ ।

## २४. लेखापरिक्षण सम्बन्धि व्यवस्थाः

(१) संस्थाको लेखापरिक्षणको लागि सरकारी मान्यता प्राप्त रजिष्टर्ड लेखापरिक्षक मध्येबाट कार्यसमितिले एकजना लेखापरिक्षक नियुक्त गर्नेछ ।

(२) उपधारा (१) बमोजिम नियुक्त लेखा परिक्षकले संस्थाको सम्पुर्ण हिसाव कितावको लेखापरिक्षण गरी मन्तव्य सहितको लेखापरिक्षण प्रतिवेदन कार्यसमिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) प्रस्तुत लेखापरिक्षणको प्रतिवेदन र प्रगति विवरण कार्यसमितिले साधारणसभामा पेश गरी साधारण सभाबाट पारित भएपछि आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय लगाएत सम्बन्धित निकायमा पेश गर्नेछ ।

## २५. संस्थाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धनः

(१) संस्थाले आफ्नो उद्देश्य हाँसिल गर्न बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकाय वा संघ संस्थाहरुसंग आवश्यकता अनुसार सहयोग लिने दिने तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न सक्नेछ ।

(२) संस्थाले आवश्यकता अनुसार समान उद्देश्य भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकाय वा संघ संस्थाहरुसंग समन्वय कायम गरी सम्झौता गर्ने र सो बमोजिम योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) संस्थाले आफ्नो श्रोत तथा साधनले भ्याए सम्म बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको कार्यक्रम तथा गतिविधिहरुमा सहभागीता जनाउन सक्नेछ ।

(४) यस संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यस बिधान तथा नेपाल कानूनको अधिनमा रही आफ्ना शाखाहरु तथा सञ्जाल बिस्तार गर्न वा कानून बमोजिम सुचिकृत गर्न सक्ने छ ।

## परिच्छेद - ७

## निर्वाचन, अविश्वासको प्रस्ताव र बिधान संशाोधन सम्बन्धि व्यवस्था

### २७. निर्वाचन सम्बन्धि व्यवस्था र कार्यविधिः

(१) कार्य समितिको कुनै वा सवै पद चयनमा सर्व सम्मत हुन नसकि निर्वाचन गर्नु परेमा साधारणसभाले निर्वाचन सम्बन्धि व्यवस्था गर्न सक्नेछ । कुनैपनि उम्मेदवारले निर्वाचन वा मनोनयनका लागि कार्यसमितिले तोके बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

(२) निर्वाचनको लागि कार्यसमितिले साधारणसभामा मतदान गर्न पाउने सदस्यहरु मध्येबाट १ जना प्रमुख निर्वाचन अधिकृत रहने गरी निजको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन गर्न सक्नेछ । यस्तो निर्वाचन समिति कार्यसमितिले १५ दिन अगावै चयन गरि घोषणा गर्नुपर्दछ ।

(३) निर्वाचन समितिले नयाँ कार्य समितिको चयनका लागि आवश्यक कार्यक्रम बनाई सम्बन्धित सवैलाई सोको जानकारी कम्तिमा २ दिन अगावै दिनुपर्नेछ ।

(४) बिधानको परिधि भित्र रही निर्वाचन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

### २८. अविश्वासको प्रस्ताव र कार्यविधिः

(१) कार्यसमितिका कुनै पदाधिकारीहरु उपर विश्वास नभएमा साधारणसभामा उपस्थित भई मतदान गर्न पाउने कुल सदस्य संख्याको एक चौथाई सदस्यले साधारणसभामा लिखित रुपमा त्यस्तो पदाधिकारीको बिरुद्धमा अविश्वावसको प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश भएको प्रस्ताव उपर छलफल गरी सो प्रस्ताव साधारणसभामा उपस्थित भई मतदान गर्न पाउने कुल उपस्थित सदस्य संख्याको दुईतिहाई बहुमतद्वारा पारित भएमा जस उपर विश्वास छैन भनि पारित गरेको हो, सो व्यक्ति पदमुक्त भएको मानिनेछ ।

तर उपधारा (२) बमोजिम पेश भएको प्रस्ताव पारित गर्नु अघि उक्त व्यक्तिलाई सफाई पेश गर्ने उचित मौकाबाट बन्चित गरिने छैन ।

(३) अध्यक्षको बिरुद्धमा अविश्वासको प्रस्ताव पारित भएमा कार्यसमितिले तोकेको उपाध्यक्षले कार्यवाहक अध्यक्षको हैसियतले कार्य गर्ने छ ।

## २९. विधान संशोधन सम्बन्धि व्यवस्थाः

(१) विधानको कुनै धारा वा उपधारा संशोधन, थप वा खारेज गर्नु परेमा वा कुनै नयाँ व्यवस्था तर्जुमा गर्नु परेमा सोको कारण सहितको प्रस्ताव लिखित रुपमा कार्य समितिका पदाधिकारीहरुले कार्यसमितिको बैठकमा र साधारण सदस्यहरुले महासचिव मार्फत कार्यसमितिको बैठकमा प्रस्तुत गर्न सक्नेछन ।

(२) उपधारा (१) बमोजिम पेश भएको प्रस्ताव उपर छलफल गरी कार्यसमितिले उपयुक्त ठहऱ्याएमा अनुमोदनको लागि साधारणसभामा पेश गर्नुपर्नेछ ।

(३) उपधारा (१) र (२) बमोजिम पेश भएको प्रस्ताव साधारणसभामा कम्तिमा २५% सदस्यहरु उपस्थित भई उपस्थित सदस्य संख्याको दुईतिहाई बहुमतद्वारा पारित भई सम्बन्धित कार्यालयबाट स्वीकृत भएपछि सो बिधानको उल्लेखित व्यवस्था संशोधन भएको मानिनेछ ।

## ३०. वर वुझारथः

सवै पदाधिकारीहरुले आफ्नो जिम्मामा रहेको नगद, जिन्सि तथा कागजपत्रहरु आफ्नो पदावधि समाप्त भएपछि वा पदमुक्त भएपछि बढिमा ७ दिनभित्र सम्बन्धित पदाधिकारीहरुलाई हस्तान्तरण गर्नुपर्नेछ ।

## ३१. सजाय र कार्यविधिः

(१) कुनै पदाधिकारी वा सदस्यले बिधान, विनियम वा संस्थाको हीत बिपरीत कार्य गरेमा कार्यसमितिले आवश्यकता अनुसार देहाय बमोजिम गर्न सक्नेछः

(क) नसियत दिने,

(ख) पद वा सदस्यताबाट निलम्बन गर्ने,

(ग) संस्थाको सम्बन्धमा भविष्यको लागि अयोग्य हुने वा नहुने गरी पदमुक्त गर्ने ।

(२) उपधारा (१) बमोजिमको सजायका अतिरिक्त उक्त पदाधिकारी वा सदस्यबाट आर्थिक हिनामिना बापत रकम भराई लिनुपर्ने भएमा कार्यसमितिले सो समेत भराई लिन सक्नेछ ।

तर उपधारा (१) र (२) बमोजिम कारवाही गर्नु अघि सफाई पेश गर्ने उचित मौकाबाट बन्चित गरिने छैन ।

## ३२. सचिवालयको स्थापना र कर्मचारीको व्यवस्थापनः

(१) संस्थाले आफ्नो काम कारवाही सञ्चालनका लागि एउटा सचिवालयको स्थापना गरी आवश्यक कर्मचारी एवम् स्वयंसेवकहरु नियुक्त गर्न सक्नेछ ।

(२) सचिवालय प्रमुख तथा अन्य कर्मचारीहरुको सेवा, शर्त र सुविधाहरु कार्य समितिले विनियम वनाई तोके वमोजिम हुनेछ ।

## ३३. विधानको व्याख्या गर्ने अधिकारः

विधानको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

## ३४. विनियम वनाउने अधिकारः

संस्थाको उद्देश्य हाँसिल गर्नको लागि कार्यसमितिले आवश्यक विनियम वनाई अनुमोदनका लागि साधारणसभामा पेश गर्न सक्नेछ । साधारणसभाबाट पारित भएमा त्यस्तो विनियम लागु हुनेछ ।

## ३५. शपथ ग्रहणः

कार्य समितिका अध्यक्षले साधारणसभा समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष अनुसुचि (२) मा तोकिए वमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ ।

## ३६. संस्थाको बिघठनः

साधारणसभामा उपस्थित भई मतदान गर्न पाउने सदस्य संख्याको दुईतिहाई वहुमतले संस्थाको बिघठन गर्न वा अर्को समान प्रकृतिको संस्थामा गाभिने गरि निर्णय गर्न सक्नेछ । यो संस्था अन्य समान प्रकृतिको संस्थामा गाभिएको अवस्थामा यस संस्थाको संस्थागत हैसियत साधारणसभाले गरेको निर्णय बमोजिम हुनेछ । संस्था बिघठन भएमा संस्थाको सम्पुर्ण चल अचल सम्पत्ति प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसुचि - १

## (धारा ५ संग सम्बन्धित)

**संस्थाको लोगो**

संस्थाको लोगो आदिकवि भानुभक्त आचार्यको सम्मानमा वहाँद्वारा नेपालीमा रचना गरिएको रामायणको खुला पुस्तक हुनेछ, जसमा दुई हातले पुस्तक उचालेको देखाईने छ ।

## अनुसुचि - २

## (धारा ३५ संग सम्बन्धित)

म/हामी ईश्वरका नाममा शपथ लिन्छु/लिन्छौं अनि सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्दछु/गर्दछौं कि, यस आचार्य बन्धु समाज - नेपाल (Acharya Bandhu Samaj – Nepal) नामक संस्थाले मलाई/हामीलाई सुम्पेको पदमा रही उक्त पदको काम कारवाही संस्थाको विधानप्रति पुर्ण वफादार रही संस्थाको सोझो भलो चिताई कसैको डर नमानि कुनै पक्षपात वा मोलाहिजा नगरी खराव भावना नलिई इमान्दारिपुर्वक पुरा गर्नेछु/छौं ।

नाम र थर ........................................

हस्ताक्षर..............................................

मितिः .......................................

# अनुसुचि - ३

## तदर्थ समितिका पदभधिकारी तथा सदस्यहरु

| | |
|---|---|
| १. राजेश्वर आचार्य | - संयोजक |
| २. सुरेश आचार्य | - सह संयोजक |
| ३. बाबुराम आचार्य | - सचिव |
| ४. निरादेवी खनाल आचार्य | - कोषध्यक्ष |
| ५. डा. माधवप्रसाद आचार्य | - सदस्य |
| ६. संजोग आचार्य | - सदस्य |
| ७. सुवास आचार्य | - सदस्य |
| ८. गोपाल आचार्य | - सदस्य |
| ९. सुदर्शन आचार्य | - सदस्य |
| १०. पर्वत आचार्य | - सदस्य |
| ११. योगेश आचार्य | - सदस्य |
| १२. परशुराम आचार्य | - सदस्य |
| १३. श्याम आचार्य | - सदस्य |
| १४. रमेश आचार्य | सदस्य |
| १५. देवराज आचार्य | - सदस्य |
| १६. द्वारिकाप्रसाद आचार्य | - सदस्य |
| १७. शिव आचार्य | - सदस्य |
| १८. मोहनलाल आचार्य | - सदस्य |